नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(आर्थिक प्रशासन शाखा)
फोन नं. (९७७)- ४२००३१८ Ext-164
Email Address:- account.section@mofaga.gov

पत्र संख्या:- २०७७/७८

चलानी नम्बर:- 69

मितिः- २०७८/०५/२२

विषयः- कार्यमूलक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन बारे ।

श्री स्थानीय तहहरु (७५३), सबै

उक्त विषयमा महालेखापरीक्षकको कार्यालबयाट आ.व.२०७६/७७ मा विभिन्न २७ वटा स्थानीय तहहरुको कार्यमूलक लेखापरीक्षण गरी प्रतिवेदन दिने लक्ष्य रहेकोमा विभिन्न १९ वटा स्थानीय तहहरुबाट प्राप्त सूचना र विवरणका आधारमा स्थानीय तहहरुको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएकोले उक्त लेखापरीक्षणबाट यसैसाथ संलग्न आ.व.२०७६/७७ को वार्षिक प्रतिवेदनमा औल्याइएका व्यहोरा एवं विषयहरुलाई गंभीरतापूर्वक लिई आवश्यक सुधार एवं कार्यान्वयन गर्नुहुन यस मन्त्रालयको मिति २०७८/०५/२२ को निर्णयानुसार अनुरोध छ ।

...........................
बाबुराम ज्ञवाली
उपसचिव (लेखा)

बोधार्थः-
श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- मन्त्रालयको website मा राखिदिनु हुन अनुरोध छ ।
सिंहदरबार, काठमाण्डौ ।

जानकारी प्राप्त भएको छ । साथै म्याद महिनापछि जम्मा हुने गरी खिचेको रु.१० लाखको चेक बाउन्स भएको छ । यसरी नक्कली बैङ्क भौचर पेस गरेको र चेक बाउन्स भएकोमा कुनै कारबाही प्रक्रिया अघि बढाएको छैन ।

उक्त कन्स्ट्रक्सन कम्पनीले २०७५ माघ ६ देखि चैत्र २९ सम्मको पूरै रकम नबुझाएकोले कार्यालयले पुनः नियुक्ति बदर गरेको छ । सो कन्स्ट्रक्सनलाई कर सङ्कलन गर्न नियुक्ति गरेको उल्लिखित अवधिको दिन गन्तीको आधारमा रु.१ करोड ४९ लाख ४५ हजार दाखिला हुनुपर्नेमा रु.६८ लाख ९३ हजार मात्र दाखिला भएकोले बाँकी रु.८० लाख ५२ हजार र सो को ब्याजजसमेत असुल गरी कर सङ्कलन र बाउन्स चेकसम्बन्धी सम्पूर्ण कार्यको छानबिन गर्नुपर्ने देखिन्छ ।

३२. **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) अनुसार जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि लिलाम बिक्री गर्नुपर्ने मालसामान छ महिनाभित्र र मर्मत सम्भार गर्नुपर्ने भए तीन महिनाभित्र गरी सक्नुपर्ने व्यवस्था छ । केही जिल्ला समन्वय समितिले जिन्सी निरीक्षण नगराएका, जिन्सी निरीक्षण भएको अधिकांश जिल्ला समन्वय समितिको कार्यालयले प्रतिवेदनअनुसार लिलाम बिक्री तथा मर्मतको कार्य नभएको, अधिकांश जिल्ला समन्वय समितिको कार्यालयमा हालको दरबन्दीको तुलनामा सवारी साधन, फर्निचर, कम्प्युटरलगायतका जिन्सी सामान आवश्यकभन्दा बढी रहेको अवस्था छ । जिल्ला समन्वय समितिको कार्यालय, दैलेखले साविकको महिला विकास कार्यालयबाट हस्तान्तरण भई आएका ५७ किसिमका जिन्सी सामान आम्दानी नबाँधेको, जिल्ला समन्वय समितिको कार्यालय, रसुवाले मित्रराष्ट्र चीनबाट प्राप्त निर्माण सामग्रीको हस्तान्तरण र दाखिलाको व्यवस्थित अभिलेख नराखेको एवं जिल्ला समन्वय समितिको कार्यालय, भोजपुरमा ८ मोटरसाइकलमध्ये ४ रातो प्लेटमा रहेका, ६ को ब्लु बुक नभएको एवं ३ जिन्सी खातामा दाखिला नभएको लगायतका व्यहोरा देखिएका छन् । जिन्सी व्यवस्थापनमा थप सुधार गर्नुपर्दछ ।

# कार्यमूलक लेखापरीक्षण

## स्थानीय तह सञ्चालन तथा व्यवस्थापन

स्थानीय तहले संविधान बमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान र सोको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितामूल विकास निर्माण कार्य सञ्चालन गर्ने र स्वामित्व बोध गराउने, स्थानीय सेवाप्रवाह गर्ने, सार्वजनिक जग्गा संरक्षण, स्थानीय विवाद समाधान गर्ने लगायतका कार्य गरेका छन् । उल्लिखित कार्य सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा छनौट गरिएका स्थानीय तहको सञ्चालन र व्यवस्थापन पक्षको कार्यदक्षता मूल्याङ्कन गर्ने लेखापरीक्षणको उद्देश्य रहेको छ । लेखापरीक्षणका लागि २७ स्थानीय तह छनौट गरिएको भए तापनि सूचना माग गरिएकोमा ८ स्थानीय तहबाट सूचना तथा विवरण उपलब्ध नभएकोले १९ स्थानीय तहबाट प्राप्त सूचना विवरण तथ्याङ्कको आधारमा कार्मयमूलक लेखापरीक्षण गरिएको छ ।

३३. **आवधिक योजना तथा क्षेत्रगत योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा २४ मा स्थानीय तहले मध्यकालीन खर्च संरचना तयार गरी आवधिक योजना स्वीकृत गर्नुपर्ने, सो बमोजिम वार्षिक बजेट तथा कार्यक्रम तयार गर्नुपर्ने, स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रगत योजना तयार गर्नुपर्ने, योजना सञ्चालनपूर्व वातावरणीय पक्षको मूल्याङ्कन विश्लेषण गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा अध्ययन गरिएका १९ स्थानीय तहमध्ये ९ स्थानीय तहले योजना सञ्चालनपूर्व वातावरणीय पक्षको मूल्याङ्कन विश्लेषण नगरेको, ११ स्थानीय तहले आवधिक योजना तयार नगरेको, ५ स्थानीय तहले शिक्षा क्षेत्रको, ६